Accountability Watch Committee (AWC)
जवाफदहिता निगरानी समिति

# प्रेस वक्तव्य

**(१५ श्रावण २०८३, काठमाडौं)**

**घटनाकेन्द्रित तदर्थवादी सम्बोधनले पुग्दैन, धार्मिक सम्प्रदायबीचको द्वन्द्वको दिगो र मानवअधिकारमैत्री समाधानका उपाय अपनाऊ !**

सुनसरी, सिराहा लगायतका ठाउँमा हालै भएका हिंसात्मक घटनाप्रति जवाफदेहिता निगरानी समिति गम्भीर चिन्ता व्यक्त गर्दछ। हिंसा भड्काउने तथा हिंसा नियन्त्रणका नाउँमा अत्यधिक वलप्रयोग गरी नागरिकको ज्यूज्यानमा अपुरणीय क्षति पुर्याउने लगायतका घटनाको अविलम्ब छानबिन गरी दोषीलाई कारबाही गर्न तथा धार्मिक सद्भाव सुदृढ गर्न समिति सरकार समक्ष जोडदार माग गर्दछ ।

यस्ता घटनाले सामाजिक सद्भाव, सार्वजनिक सुरक्षा, नागरिकको जीवन तथा सम्पत्तिको सुरक्षा र विधिको शासनप्रति गम्भीर प्रश्न उठाएका छन्। कुनै पनि बहानामा हिंसा, साम्प्रदायिक द्वेष, व्यक्ति तथा सार्वजनिक वा निजी सम्पत्तिमाथिको आक्रमण तथा कानुन हातमा लिने कार्य स्वीकार्य हुन सक्दैन।

समिति स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र तथ्यमा आधारित छानबिन गरी घटनाको वास्तविक कारण, जिम्मेवार व्यक्ति तथा समूह र राज्यका सम्बन्धित निकायको भूमिकासमेत समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्दछ। हिंसा भड्काउने, जनधनको क्षति गराउने वा द्वेष फैलाउने कार्यमा संलग्न जोसुकै भए पनि राजनीतिक वा अन्य कुनै प्रभावबाट मुक्त भई कानुनबमोजिम कारबाही गरिनुपर्छ। पीडितलाई न्याय तथा उपयुक्त परिपूरणको सुनिश्चितता गर्नु अपरिहार्य छ।

संविधानले नेपाललाई धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई आफ्नो धर्म मान्ने, अभ्यास गर्ने र संरक्षण गर्ने स्वतन्त्रता सुनिश्चित गरेको छ। धार्मिक तथा सांस्कृतिक विविधता राष्ट्रिय एकता, सामाजिक सद्भाव नेपालको लोकतान्त्रिक सहअस्तित्वको महत्वपूर्ण आधार हो। धर्मनिरपेक्षताको संवैधानिक मर्म सबै धर्मप्रति समभाव, सम्मान, धार्मिक स्वतन्त्रताको संरक्षण र राज्यको निष्पक्ष भूमिकामा निहित छ।

तनाव र द्वन्द्व उत्पन्न भएपछि मात्र तदर्थ रूपमा प्रतिक्रिया दिने प्रवृत्तिको अन्त्य गरी यस्ता घटनाको रोकथाम, शीघ्र सम्बोधन र दिगो व्यवस्थापनका लागि सरकारले निम्न कदम तत्काल अवलम्बन गर्नुपर्छः

१. धार्मिक स्वतन्त्रता, समानता र अविभेदसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको परिपालनालाई प्रभवकारी वनाउँदै धार्मिक समुदायमाथि हुने विभेद, हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

२. संघ, प्रदेश र स्थानीय तहमा कानुन द्वारा नै स्थायी अन्तरधार्मिक संवाद तथा समन्वय संयन्त्र स्थापना गर्ने, जसमा धार्मिक नेतृत्व, नागरिक समाज, महिला, युवा तथा स्थानीय समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

३. शिक्षा, सञ्चार र सामाजिक सञ्जालमार्फत धार्मिक विविधता, सहिष्णुता, मानव अधिकार र सामाजिक सद्भावसम्बन्धी सचेतना अभिवृद्धि गर्ने तथा गलत सूचना र घृणाजन्य सामग्रीको प्रभावकारी नियन्त्रण गर्ने।

४. घृणायुक्त अभिव्यक्ति, हिंसात्मक उक्साहट र साम्प्रदायिक द्वेष फैलाउने गतिविधिको अग्रसक्रिय पहिचान तथा कानुनी कारबाही गर्ने र यसका लागि सम्बन्धित राज्य संयन्त्रलाई जवाफदेही बनाउने।

५. धार्मिक विवादको प्रारम्भिक चरणमै रोकथाम, संवाद, मध्यस्थता र शान्तिपूर्ण समाधानका प्रभावकारी संयन्त्र विकास गर्ने तथा धार्मिक सद्भावसँग सम्बन्धित नीति, निर्णय प्रक्रिया र सार्वजनिक सेवामा सबै समुदायको समतामूलक सहभागिता सुनिश्चित गर्ने।

जवाफदेहिता निगरानी समिति सबै पक्षलाई संयम अपनाउन, अफवाह र उत्तेजनाबाट टाढा रहन तथा संवाद र सहकार्यबाट तनाव समाधान गर्न आग्रह गर्दछ। धार्मिक विविधता नेपालको शक्ति हो; सामाजिक सद्भाव र अन्तरधर्म सुसम्बन्ध नागरिक चाहना मात्रै नभई संवैधानिक तथा लोकतान्त्रिक अनुशासनको विषय समेत हो भन्ने कुराको हेक्का राख्न जरुरी छ ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाटः**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरूः चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी , डा. विद्या चापागाईं र सलिना काफ्ले ।*